## सिद्धार्थ बैंक लिमिटेडको

## सोह्रौं वार्षिक साधारण सभाको

## कामकारवाहीको विवरण (माइन्युट)

**१. सभाको काम कारवाही:**

मिति २०७४ साल चैत्र महिना ०४ गते तद्नुसार १८ मार्च २०१८ का दिन यस सिद्धार्थ बैंक लिमिटेडको सोह्रौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यूको अध्यक्षतामा सम्पन्न भयो । बैंकको सोह्रौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्युट) देहाय बमोजिम रहेको छ ।

**२ सभाको मिति, समय र स्थान:**

मिति : २०७४ साल चैत्र महिना ०४ गते आईतबार (तद्नुसार १८ मार्च २०१८)

स्थान : राष्ट्रिय सभागृह, प्रर्दशनी मार्ग, काठमाण्डौं

समय : बिहान ११:०० वजे देखि अपरान्ह २:०० वजे सम्म ।

**३. सभाको सूचना र सूचना प्रकाशन मिति:**

बैंकको मिति २०७४ साल फाल्गुण ०८ गते (तदनुसार २० फेब्रुवरी २०१८) गतेका दिन बसेको सञ्चालक समितिको २८७ औं बैठकको निर्णयानुसार बोलाईएको यस सोह्रौं वार्षिक साधारण सभाको लागि बैंकको हाल लागु भईरहेको नियमावली तथा प्रचलित कम्पनी ऐन बमोजिम सोह्रौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गर्ने विषयसूची समेत राखी शेयरधनीहरुको जानकारीको लागि मिति २०७४ फाल्गुण ११ गतेको अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक तथा २०७४ फाल्गुण २२ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

**४. सभामा उपस्थिति:**

**४.१. संचालकहरुको उपस्थिति:**

| | |
|---|---|
| (१) श्री मनोज कुमार केडिया | अध्यक्ष |
| (२) श्री नरेन्द्र कुमार अग्रवाल | संचालक |
| (३) श्री बिरेन्द्रकुमार शाह | संचालक |
| (४) श्री दिनेश शंकर पालिखे | संचालक |
| (५) श्री राजेश कुमार केडिया | संचालक |

**४.२. पर्यवेक्षकको उपस्थिति :**

(१) श्री राजेन्द्र थापा, प्रतिनिधि- कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर ।

(२) श्री ध्रुव तिमिल्सिना- प्रमुख कार्यकारी अधिकृत, सिद्धार्थ बैंक लि.।

**४.३. पदाधिकारीहरुको उपस्थिती**

| | |
|---|---|
| (१) श्री शम्भु नाथ गौतम | प्रमुख कार्यकारी अधिकृत |
| (३) श्री सुन्दर प्रसाद कडेल | सहायक प्रमुख कार्यकारी अधिकृत |
| (४) श्री रामेश्वर प्रसाद बस्याल | नायब महाप्रबन्धक |
| (५) श्री शेर बहादुर बुढाथोकी | नायब महाप्रबन्धक |
| (६) श्री अर्जुन भद्र खनाल | प्रमुख-साना तथा मझौला एवं उपभोक्ता कर्जा |
| (७) श्री शैलजा ज्ञवाली | प्रमुख- एकिकृत जोखिम व्यवस्थापन |
| (८) श्री सृजन कृष्ण मल्ल | प्रमुख- सूचना प्रविधि |
| (९) श्री सुरेशराज महर्जन | प्रमुख- बिजनेश सपोर्ट / पेमेण्ट सोलुसन्स् |
| (१०) श्री मनोहर के.सी. | प्रमुख- केन्द्रीय कर्जा प्रशासन तथा नियन्त्रण |
| (११) श्री भोलानाथ ढुंगाना | प्रमुख- कानुन तथा कम्पनी सचिव |
| (१२) श्री ज्ञानेन्द्र कार्की | प्रमुख-सामान्य प्रसाशन |
| (१३) श्री प्रमेश श्रेष्ठ | प्रबन्धक-वित्त तथा लेखा |
| (१४) श्री लक्ष्मण घिमिरे | नायव प्रवन्धक |

**५. सभाको गणपुरक संख्या:**

| कुल शेयर संख्या | साधारण सभामा प्रतिनिधित्व भएको शेयर संख्या | उपस्थित शेयरधनी | | जम्मा उपस्थित शेयरधनी | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| | | स्वयं | प्रतिनिधी मार्फत | | |
| ६८,२६१,१७१.५५ | ३९,९६३,२१३ | ३५१ | १५० | ५०१ | ५८.५४ |

**६. सभाको विषयसूची तथा प्रस्तावहरु:**

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक बर्ष २०७३/७४ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ आषाढ मसान्तको वासलात र मिति २०७३ श्रावण १ देखि २०७४ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाव, सोही अवधीको नगद प्रवाह विवरण, पूँजीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचीहरु पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी “सिद्धार्थ क्यापिटल लि.” को आ.ब. २०७३/७४ को वित्तिय विवरण सहितको एकिकृत (Consolidated) वित्तिय विवरण स्वीकृत गर्ने ।

४. कम्पनी ऐन २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७४/७५ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (बहालवाला लेखापरीक्षक श्री एसएआर एसोसिएटस् चार्टड एकाउण्टेण्ट पुन: नियुक्त हुन योग्य हुनुहुन्छ ।)

**(ख) विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजी रु. ६,८२,६१,१७,१५५ को १४ प्रतिशतका दरले हुने रु. ९५,५६,५६,४०२ (अक्षरेपी पञ्चानब्बे करोड छपन्न लाख छपन्न हजार चार सय दुई रुपैंया मात्र) बोनस शेयर वितरण गर्ने । (बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धी विनियमावली

समेतका आधारमा साविकको विजनेश युनिभर्सल डेभलपमेण्ट बैंक लि. संग मर्जर गरेका कारण संयुक्त कारोबार भएको दिन मिति २०७३/०३/२१ सम्म कायम शेयरधनीलाई लाग्ने लाभांस करमा छुट पाउने भएकोले त्यस्तो छुट पाउने शेयरधनी बाहेक अन्यले बोनस शेयर बुझी लिंदा लाभांश कर बुझाउनु पर्नेछ ।)

२. माथि विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गरेका कारण हुने पूँजी वृद्धि लगायतका विषयहरु समावेश गरी बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

३. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरवदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

**(ग) विविध**

**७. सभाको वैधानिकता:**

कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्धपत्र एवं नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐन एवं बैकको प्रबन्धपत्र तथा नियमावलीको प्रावधान बमोजिम साधारण सभाको गणपूरक संख्या बाँडफाँट भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान भएको र बैंकको सोह्रौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको कुल संख्या ५०१ (प्रोक्सीसमेत) एवं कुल शेयरको ५८.५४ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानुन अनुसार सभा वैधानिक रहेको व्यहोरा कम्पनी सचिवले सभाका अध्यक्षज्यूसमक्ष प्रस्तुत गर्नुभयो ।

**८. सभाको सभापतित्व र सभा संचालन:**

कम्पनी ऐन, २०६३ र बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम बैंकको संचालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यूले यस सोह्रौं वार्षिक साधारण सभाको अध्यक्षता गर्नु भएको थियो । सभाको वैधानिकताबारे कम्पनी सचिवले जानकारी गराइसके पश्चात अध्यक्षज्यूले सभाको कारवाही अघि बढाउनु भयो ।

**९. अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुति:**

साधारण सभाको निर्धारित विषय सूची १ मा समावेश गरिएको बैंकको संचालक समितिको प्रतिवेदनको महत्वपूर्ण पक्ष समेटेर तयार गरिएको संक्षिप्त सन्देश सहित बैठकको अध्यक्षता गरिरहनुभएका संचालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यूले आफ्नो मन्तव्य राख्नु भयो । तत्पश्चात अध्यक्षज्यूले विषय सूची नं. १ मा समावेश गरिएको संचालक समितिको प्रतिवेदन सभामा छलफलका लागि पेश गर्नु भयो ।

**१०. छलफलको लागि आह्वान:**

संचालक समितिको प्रतिवेदन प्रस्तुत भइसकेपश्चात् अध्यक्षज्यूले शेयरधनी महानुभावहरुलाई केही जिज्ञासा, प्रश्न तथा सुझावहरु भए छलफलको विषयसूची अनुसार आफ्नो विचार एवं मन्तव्य राखिदिनुहन अनुरोध गर्दै शेयरधनी महानुभावहरु समक्ष वार्षिक प्रतिवेदन लगायत वासलात तथा नाफा नोक्सान हिसाबमा छलफल गर्न आह्वान गर्नुभई सो सम्बन्धी कारवाही अघि बढाउन कम्पनी सचिवलाई निर्देशन दिनुभयो । तद्अनुरुप कम्पनी सचिवले छलफलमा सहभागी हुन चाहने वक्ताहरुलाई मन्तव्यका लागि आमन्त्रण गर्नुभएको थियो । यस क्रममा

Siddhartha Bank

निम्नलिखित १७ जना शेयरधनी महानुभावहरुले आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो भने वक्ता मध्ये नरसिंह लाल चंखुले लिखित मन्तब्य उपलब्ध गराउनु भएको थियो ।

क. डा. माधव कुमार श्रेष्ठ
ख. श्री अमृतनाथ रेग्मी
ग. श्री व्यास कुमार शर्मा
घ. श्री दिवाकर खड्का
ङ. मेजर श्री कुबेर श्रेष्ठ
च. श्री डमरु बल्लभ घिमिरे
छ. श्री शिव प्रसाद पौडेल
ज. श्री शिव प्रसाद शर्मा
झ. श्री उद्धव प्रसाद घिमिरे
ञ. श्री अशोक कुमार उप्रेती
ट. श्री नरसिंह लाल चंखु
ठ. श्री कृष्ण प्रसाद अधिकारी
ड. श्री रोज कुमार श्रेष्ठ
ढ. श्री अमिर दास रंजित
ण. डा. सुन्दरलाल श्रेष्ठ
त. श्री कृष्ण प्रसाद काश्यप
थ. श्री इन्द्र कृष्ण श्रेष्ठ

उपरोक्त वक्ता शेयरधनीहरुबाट प्रस्तुत गरिएका राय, सल्लाह र सुझावहरु संक्षेपमा देहाय अनुसार उल्लेख गरिएको छ ।

**क. डा. माधव कुमार श्रेष्ठ**

श्री श्रेष्ठले बैंकले १४% बोनस शेयर बाँड्न लागेकोमा धन्यवाद दिनुभयो र शेयरधनीहरुको राय, सल्लाह र सुझावहरु माईन्यूटमा उल्लेख गर्न आग्रह गर्नुहुँदै उहाँले आफुले टिपोट गरेका विषयहरु बुँदागत रुपमा प्रस्तुत गर्नु भएको थियो ।

**ख. श्री अमृतनाथ रेग्मी**

शेयरधनी श्री रेग्मीले बैंकको नक्सालमा बन्दै गरेको भवनको तस्वीर बैकको वार्षिक प्रतिवेदनको अन्तीम पृष्ठमा राखेको भए राम्रो हुने भन्दै नेपाल राष्ट्र बैकद्वारा बैंकको वित्तीय विवरण मिति २०७४ साल माघ २३ मा स्वीकृत भएकोमा वार्षिक साधारण सभा गर्न संचालक समितिको बैठक मिति २०७४ साल फाल्गुणमा मात्र बसेकोले यसरी ढिला गर्नु नहुने धारणा राख्नु भयो । उहाँले Video Conference बाट पनि संचालक समितिको बैठक बस्ने व्यवस्था मिलाउनुपर्ने, अध्यक्षज्यूको मन्तव्यमा पञ्च वर्षीय रणनीति राख्नुपर्ने, संचालक समितिको अध्यक्षको सन्देश र संचालक समितिको प्रतिवेदनमा वार्षिक साधारण सभा भएको मिति उल्लेख गर्नुपर्ने सुझाव दिनुभयो ।
साथै, Peer Group मा यस बैंकको पूँजी उच्च रहेको र General Reserve पनि राम्रो रहेकोमा बधाई दिनुभयो । बैंकले Debenture Issue गर्ने बेला आएको उल्लेख गर्दै Forex Deposit बढाउनुपर्ने, Non Banking Assets घटाउदै लैजानुपर्ने, Net Interest Income बढाउनुपर्ने, Personal Loan मा Write Off गर्नु राम्रो नहुने, Floating Deposit Scheme हरु लागु गर्नु पर्ने आदि सुझाव दिनुभयो । साथै, बैंकले Universal Banking Approach लिनुपर्ने, Joint Auditors नियुक्ति गरेर भएपनि बैंकको लेखापरीक्षण समयमै सम्पन्न गरी वार्षिक साधारण सभा समयमै गर्न सुझाव दिनुभयो ।

**ग. श्री व्यास कुमार शर्मा**

श्री शर्माले बैंकले लिएका रणनितिहरु राम्रा रहेका, Non Performing Assets (NPA) को कुशल व्यवस्थापन भएको बताउनुहुँदै शाखाहरु विस्तार गर्दा कम लागतमा गर्नुपर्ने लगायतका सुझावहरु दिनुभयो ।

**घ. श्री दिवाकर खड्का**

श्री खड्काले बार्षिक साधरण सभा समयमै गर्नुपर्ने, Non Performing Assets (NPA) को कुशल व्यवस्थापन गर्नुपर्ने, संस्थापक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility (CSR)) मा आवश्यक खर्च गर्नुपर्ने, Loan Loss Provision (LLP) घटाउनुपर्ने, शेयरमा लगानी घटाउनुपर्ने, संचालक समितिमा महिला संचालक राख्नुपर्ने लगायतका सुझावहरु दिनुभयो ।

**ङ. मेजर श्री कुबेर श्रेष्ठ**

श्री श्रेष्ठले शेयरधनीलाई कम्तीमा १६ % बोनस शेयर दिनुपर्ने, बैंक शेयरधनी मैत्री र कर्मचारी मैत्री हुनुपर्ने, बैंकको Book Value रु. ५ सय देखि ६ सय सम्म हुनुपर्नेमा रु. १३०।२८ मात्र रहेको, बैंकले वार्षिक साधारण सभामा बढी भन्दा बढी शेयरधनीहरुले सहभागिता जनाउने वातावरण बनाउनुपर्ने, Loan Loss Provision (LLP) घटाउनुपर्ने, Write Off को विवरणमा कर्जा स्वीकृत गर्ने अधिकारीको नाम उल्लेख गर्नुपर्ने, संस्थापक सामाजिक उत्तरदायित्व (CSR) अर्न्तगत गर्ने कार्यहरुको स्पष्ट कार्यक्षेत्र तोकी सोही अनुसार बजेट बनाउनुपर्ने र दुर्गम जिल्लाहरु समेटिनुपर्ने, बार्षिक साधरण सभामा शेयरधनीले व्यक्त गरेका कुराहरु माइन्युटमा उल्लेख गरी शेयरधनीलाई पठाउने व्यवस्था मिलाउन सुझाव दिनुभयो । साथै, Electronic Card हरुको सुरक्षामा आवश्यक सावधानी अपनाउनुपर्ने बैंकको सहायक कम्पनीबाट शेयरधनीहरुलाई गरिने व्यवहारमा सुधार ल्याउन जरुरी रहेको समेत उहाँले बताउनु भयो ।

**च. श्री डमरु बल्लभ घिमिरे**

श्री घिमिरेले बैंकले २५ % हकप्रद शेयर र १४ % बोनस शेयर दिनु राम्रो रहेको बताउनुभयो । साथै, बार्षिक साधरण सभा समयमै गर्नुपर्ने, बैकिंग सेवाहरु चुस्त दुरुस्त बनाउनुपर्ने, दुर्गम क्षेत्रमा पनि बैंक जानुपर्ने जस्ता सुझावहरु दिनुभयो ।

**छ. श्री शिव प्रसाद पौडेल**

श्री पौडेलले Information Technology सुरक्षा नीति स्पष्ट हुनुपर्ने, नेपाल राष्ट्र बैंकले निर्देशन दिएबमोजिम Information System Audit समयमै गर्नुपर्ने जस्ता सुझावहरु दिनुभयो ।

**ज. श्री शिव प्रसाद शर्मा**

श्री शर्माले बैंकले वार्षिक साधारण सभामा बढी भन्दा बढी शेयरधनीहरुले सहभागिता जनाउने वातावरण बनाउनुपर्ने भन्दै बैंकले १४ % बोनस शेयर दिएकोमा धन्यवाद दिदैं आगामी वर्षहरुमा लाभांश बढाउने योजना तय गर्न सुझाव दिनुभयो ।

**झ. श्री उद्धव प्रसाद घिमिरे**

श्री घिमिरेले बैंकको समग्र कार्यसम्पादन राम्रो रहेको भन्दै बैंक संघीय संरचना अनुरुप जानुपर्ने, विदेश मुद्रा कारोबारबाट हुने आम्दानी बढाउनु पर्ने र Nepal Financial Reporting Standards (NFRS) लागु गर्नुपर्ने सुझाव दिनुभयो ।

**ञ. श्री अशोक कुमार उप्रेती**

श्री उप्रेतील संचालकहरुको बैठकभत्ता बढी नभएको धारणा राख्दैं बैंकका संचालकले दिनुपर्ने समयको आधारमा सो अझ कम रहेको र साधारण सभामा बढी भन्दा बढी शेयरधनिहरुले सहभागिता जनाउने वातावरण बनाउनुपर्ने बताउनु भयो ।

**ट. श्री नरसिंह लाल चंखु**

श्री चंखुले लिखित नोट मार्फत आफ्नो धारणा राख्दै बैंकको प्रगती राम्रो रहेको, खुद व्याज आम्दानीमा सुधार आएका भन्दै, Write Back मा सुधार गर्नुपर्ने, Loan Recovery, Earning Per Share, Non Performing Assets, Non Banking Assets(NBA) मा सुधार गरेर जानुपर्ने सुझावहरु दिनुभयो ।

**ठ. श्री कृष्ण प्रसाद अधिकारी**

श्री अधिकारीले वार्षिक प्रतिवेदनको भाषामा एकरुपता हुनुपर्ने, शाखाहरु खोलेर खर्च बढेको, शेयरधनीलाई बढी भन्दा बढी लाभांश दिनुपर्ने, बैंकका शाखाहरुको जानकारी नक्सा मार्फत हुनुपर्ने सुझावहरु दिनुभयो ।

**ड. श्री रोज कुमार श्रेष्ठ**

श्री श्रेष्ठले बैंकले १४ % बोनस शेयर दिनु सकरात्मक रहेको, बैंकले Consistent Progress गरी रहेको बताउनुभयो । वार्षिक प्रतिवेदनमा शाखा कार्यालयहरुको विवरण छुटेको, अनुसूची ४.१२ मा संगठित संस्थाको शेयर, डिबेन्चर तथा बन्डमा लगानी अर्न्तगत नेपाल फिल्म डेभलपमेन्ट कम्पनी लि. मा रकम नमिलेको र यसैगरी अनुसूची ४.३५ मा लेखापरीक्षण नभएको र लेखापरीक्षण भएको वित्तीय नतिजाको तुल्नात्मक विवरण अर्न्तगत सम्भावित नोक्सानीको व्यवस्थामा उल्लेख्य रुपमा फरक देखिएको भन्दै बैंकको आन्तरीक लेखापरिक्षणमा कमी कमजोरी देखिएको जनाउनु भयो ।

**ढ. डा. सुन्दरलाल श्रेष्ठ**

श्री श्रेष्ठले साधारण सभा सम्बन्धी संक्षिप्त जानकारीमा प्रतिनिधि नियुक्ती गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा भाग लिन, छलफल गर्न, र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै दिनुपर्ने व्यवस्था गरेबाट शेयर धनीलाई सभामा भाग लिन बन्देज लगाउन खोजेको हो कि जस्तो देखिएको भन्ने धारणा राख्नु भयो । उहाँले संचालक समितको अध्यक्षले दिएको सन्देशमा र संचालक समितको प्रतिवेदनमा साधारण सभा भएको मिति उल्लेख गर्नुपर्नेमा अन्यथा भएको उल्लेख गर्नुभयो । बैंकको प्रगती समग्रमा राम्रो रहेको, प्रबन्धपत्रमा प्रस्तावित संशोधनमा चुक्ता पूँजी हुनुपर्नेमा जारी पूँजी लेखिएको भन्दै वार्षिक प्रतिवेदनमा देखिएको त्रुटीहरु सच्याउन सुझाव दिनु भयो ।

**ण. श्री इन्द्र कृष्ण श्रेष्ठ**

श्री श्रेष्ठले शेयरधनीलाई खाजाको व्यवस्था गर्नुपर्ने, अनुसूची ४.१२ को अक्षरहरु अत्यन्त सानो रहेकोमा अब उप्रान्त सुधार गर्न सुझाव दिनुभयो ।

**११. छलफलका क्रममा उठेका बिषयहरुको जवाफः**

संचालक समितिको प्रतिवेदन, बैंकको आ.व. २०७३/०७४ को लेखापरीक्षण लगायत समग्र वित्तीय प्रतिवेदन उपर छलफलका क्रममा शेयरधनी महानुभावहरुले राखेको सुझाव, जिज्ञासा तथा टिप्पणी प्रति हार्दिक अभार व्यक्त गर्दै साधारण सभाको समेत अध्यक्षता गरिरहनु भएका बैंकको संचालक समितिका अध्यक्ष तथा बैंकका प्रमुख कार्यकारी अधिकृतले शेयरधनीहरुको जिज्ञासा एवं टिप्पणी उपर देहाय अनुसार जवाफ दिनु भयो ।

- अध्यक्षज्यूले बैकका स्वतन्त्र संचालक भगत विष्टको मिति २०७४ साल फाल्गुण ५ गते भएको असमायिक निधन प्रति गहिरो शोकभएकोमा वँहाले यो बैंकलाई पुर्‍याउनुभएको योगदानको कदर गर्दै वँहा प्रति श्रद्धान्जली व्यक्त गर्नुभयो ।
- बैंकले शेयरधनीहरुले वार्षिक साधारण सभा मार्फत तथा समय समयमा दिनु भएका सुझावहरुलाई पनि प्राथमिकताका साथ सम्भाव्यताका आधारमा क्रमशः कार्यान्वयन गर्दै आएको र भविष्यमा पनि त्यस्ता सुझाव कार्यान्वयन गर्दै लगिने छ ।
- बैंकले आफ्ना राम्रो पक्षलाई अनुसरण गर्दै र कमजोरीलाई सुधार गर्दै बैंकको आफ्नै नीति योजना बमोजिम काम गर्दै जानेछ र शेयरधनीहरुलाई सकेसम्म राम्रो प्रतिफल दिन बैंक सदा प्रयत्नरत रहनेछ ।

- पूँजी वृद्धि भएपछि व्यापारमा पनि विस्तार गर्नुपर्ने चुनौती बैंक संग रहेको छ, यसमा समग्र देशको आर्थिक गतिविधिले पनि असर पार्ने हाम्रो ठम्याइ छ । तथापि बैंकले संस्थागत शुसासन, नियन्त्रण सन्तुलन तथा दिगोपनालाई पनि ख्याल गरी योजनावद्धरुपमा व्यवसाय विस्तार गर्दै जानेछ ।
- हाल बजारमा देखा परेको तरलताको मुख्य कारणको रुपमा सरकारको पूँजीगत खर्च हुन नसक्नु नै देखिन्छ । बजारको अवस्थालाई सुक्ष्मरुपमा अनुगमन गर्दै उपयुक्त रणनीति अवलम्बन गरी बैंकले तरलताको व्यवस्थापन गर्नेछ ।
- बैंकले कुनै एक क्षेत्रमा मात्र लगानी केन्द्रकृत नगरी सबै क्षेत्रमा सन्तुलितरुपमा लगानी गरेको छ र यसमा शेयरधनी महानुभावहरुले दिनु भएको सुझावलाई समेत ख्याल गरी लगानीमा क्रमशः वृद्धि गर्दै लगिनेछ ।
- बैंकको सहायक कम्पनीको कामलाई अझ चुस्तदुरुस्त बनाउन बैंकको तर्फबाट आवश्यक सुझाव दिईनेछ ।
- बैंकले व्यवसायिक सम्भाव्यताका आधारमा शाखा विस्तारको कार्य गरिरहेको छ । हालको अवस्थामा बैंकका हालै खुलेका केही शाखा बाहेक सबैजसो शाखाहरु नाफामा नै चलिरहेको पनि यहाँहरुलाई जानकारी गराउन चाहन्छौं ।
- बैंकले Current and Saving Account (CASA) मा क्रमश: सुधार गरीरहेको, Forex Income/ Deposit आवश्यक्ता अनुसार बढाँउदै लैजाने छ ।
- NON Banking Asserts (NBA) को अधिकांस हिस्सा बैंकको Merger को क्रममा आएको, बैंकको Corporate Social Responsiobiity (CSR) गतिविधिहरु Siddhartha Foundation मार्फत संचालन गरिने छ ।
- बैंकको Information Secuirty व्यवस्थामा थप सुधार गर्दै लगिनेछ ।
- शेयरधनी महानुभावहरुको सेवाका लागि बैंक भित्र छुट्टै डेस्क वा काउन्टरको लागि आवश्यक कार्य अघि बढाईनेछ ।
- संघीय संरचना अनुरुप बैंकले आफ्नो संरचना बनाउनका लागि आवश्यक योजना बनाईरहेको छ ।
- साधारण सभाको शेयरधनी महानुभावहरुको उत्साहजनक उपस्थितिको व्यवस्थाको लागि उचित व्यवस्था मिलाईनेछ ।
- प्रतिवेदनमा शेयरधनी महानुभावहरुले पहिल्याउनु भएका त्रुटी कमजोरी, शुद्धा शुद्धी आदिलाई सुधार गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं र वक्ता शेयरनीहरुलाई माईन्युट पठाउने व्यवस्था पनि मिलाईनेछ ।
- यस बैंकलाई यो अवस्थामा पुऱ्याउन शेयरधनी महानुभावहरुको सहयोग, शुभेच्छा प्रति हामी हार्दिक आभार व्यक्त गर्दछौं ।

**१२. सभाको निर्णयहरुः**

छलफलमा उठेका सवालहरु उपर सभाको अध्यक्षता गरिरहनु भएका बैंक संचालक समितिका अध्यक्षज्यू तथा बैंकका प्रमुख कार्यकारी अधिकृतज्यूको जवाफ पश्चात अध्यक्षको अनुमतिले कम्पनी सचिवले निर्धारित सामान्य तथा विशेष प्रस्तावहरु सभाको निर्णयार्थ क्रमशः पेश गर्नुभयो । उक्त प्रस्तावहरु देहायअनुसार पारित भएका छन् ।

(क) सामान्य प्रस्ताव

१. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. १ सम्बन्धमा यस सिद्धार्थ बैंक लि. को आर्थिक बर्ष २०७३/७४ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गरियोस भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतरुपमा पारित गर्‍यो ।

२. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. २ सम्बन्धमा बैंकको आ.व. २०७३/०७४ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ आषाढ मसान्तको वासलात र मिति २०७३ श्रावण १ देखि २०७४ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाव, सोही अवधीको नगद प्रवाह विवरण, पूँजीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचीहरु पारित गरियोस् भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

३. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ३ सम्बन्धमा यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लि." को आ.ब. २०७३/०७४ को वित्तिय विवरण सहितको एकिकृत (Consolodated) वित्तिय विवरण स्वीकृत गरियोस भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतरुपमा पारित गर्‍यो ।

४. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ४ सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आ.ब.२०७४/०७५ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पेश हँदा बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम लेखापरिक्षक SAR Associates, Chartered Accountant लाई आ.ब.२०७४/०७५ को लागि बैंकको लेखापरीक्षकको रुपमा नियुक्त गर्ने र पारिश्रमिक वापत Satutory Audit, Tax Audit तथा Long Form Audit Report समेतको लागि एकमुष्ठ जम्मा रु. १०,००,०००/ (अक्षरेपी दश लाख रुपैंया) तथा अन्य भ्रमण लगायत अन्य खर्च वापत एकमुष्ठ रु. २,००,०००/-(अक्षरेपी दुई लाख रुपैंया) प्रदान गर्ने सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

(ख) विशेष प्रस्ताव

१. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. १ सम्बन्धमा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजी रु. ६,८२,६१,१७,१५५ को १४ प्रतिशतका दरले हुने रु. ९५,५६,५६,४०२ (अक्षरेपी पञ्चानब्बे करोड छपन्न लाख छपन्न हजार चार सय दुई रुपैंया मात्र) बोनस शेयर वितरण गर्ने सम्बन्धी संचालक समितिको विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो । साथै बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धी विनियमावली समेतका आधारमा साविकको विजनेश युनिभर्सल डेभलपमेण्ट बैंक लि. संग मर्जर गरेका कारण संयुक्त कारोबार भएको दिन मिति २०७३/०३/२१ सम्म कायम शेयरधनीलाई लाग्ने लाभांस करमा छुट पाउने भएकोले त्यस्तो छुट पाउने शेयरधनी बाहेक अन्यको हकमा बोनस शेयर बुझी लिंदा प्रचलित कानुन बमोजिम लाग्ने लाभांश कर बुझाएपश्चात मात्र बोनस शेयर प्राप्त गर्न सक्ने निर्णय पारित गरियो ।

२. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. २ सम्बन्धमा माथि प्रस्ताव नं. (१) बमोजिम बोनस शेयर जारी गरेका कारण हुने पूँजी वृद्धि लगायतका विषयहरु समावेश गरी बैंकको प्रवन्धपत्र तथा नियमावलीमा देहाय बमोजिम संशोधन गर्ने सम्बन्धी संचालक समितिको विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

## प्रबन्धपत्रमा गरिएको संशोधन/थप/घट

| विद्यमान व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|
| **५. बैंकको पूँजीको संरचना:**<br>**दफा ५ (१) को खण्ड (ख):** बैंकको जारी पूँजी रु ७,५०,८७,२८,८७० (सात अर्ब पचास करोड सतासी लाख अठ्ठाईस हजार आठसय सत्तरी रुपैंया) हुने छ ।<br>**दफा ५ (१) को खण्ड (ग):** बैंकको चुक्ता पूँजी रु ७,५०,८७,२८,८७० (सात अर्ब पचास करोड सतासी लाख अठ्ठाईस हजार आठसय सत्तरी रुपैंया) हुने छ । | **५. बैंकको पूँजीको संरचना :**<br>**दफा ५ (१) को खण्ड (ख):** बैंकको जारी पूँजी रु ८,४६,४३,८५,२७२ (आठ अर्ब छयालीस करोड त्रीचालिस लाख पचासी हजार दुई सय बहत्तर रुपैंया) हुनेछ ।<br>**दफा ५ (१) को खण्ड (ग):** बैंकको चुक्ता पूँजी रु ८,४६,४३,८५,२७२ ( आठ अर्ब छयालीस करोड त्रीचालिस लाख पचासी हजार दुई सय बहत्तर रुपैंया) हुनेछ । | बैंकले बोनस शेयर जारी गर्न लागेको हुँदा सोही अनुरुप जारी पूँजी बृद्धि गर्नुपर्ने भएकोले ।<br>बैंकले बोनस शेयर जारी गर्न लागेकोमा सोही अनुरुप चुक्तापूँजी बृद्धि हुने भएकोले । |
| **(ट)** सर्वसाधारणको लागि छुट्टयाइएको शेयरको संख्या न्यूनतम १० भन्दा कम हुने गरी बिक्री गरिने छैन र बिक्री, अंशबन्डा, अपुताली, दामासाही वा अन्य कुनै कारणबाट पनि नामसारी वा विभाजन गर्दा सो न्यूनतम संख्या भन्दा कम कायम हुने गरी नामसारी वा दाखिल खारेज गरिने छैन । | हटाईएको | हालको अवस्थामा यो व्यवस्था सान्दर्भिक नभएकोले हटाईएको । |

SiddharthaBank

## नियमावलीमा गरिएको संशोधन/थप/घट

| विद्यमान व्यवस्था | संशोधित व्यवस्था | कैफियत |
|---|---|---|
| **२ क. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः<br>(ङङ) "विद्युतिय रकमान्तर (इलेक्ट्रोनिक फण्ड ट्रान्सफर)" भन्नाले टेलिफोन, टेलेक्स, कम्प्युटर वा म्यागनेटिक टेप वा त्यस्तै प्रकारका अन्य विद्युतिय उपकरणको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने, रकमान्तर गर्ने कारोबार सम्झनुपर्छ र त्यस शब्दले अटोमेटेड टेलर मेशिन र क्यास डिस्पेन्सिङ्ग मेशिनको माध्यमबाट हुने कारोबार र चार्ज कार्ड, डेबिट कार्ड तथा क्रेडिट कार्डबाट हुने कारोबार समेतलाई जनाउँछ ।<br>(छछ) "परिवार" भन्नाले सम्बद्ध व्यक्तिको पति वा पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाइ र दिदि, बहिनी सम्झनुपर्छ ।<br>(झझ) "पदाधिकारी" भन्नाले बैंकका संचालन, कार्यकारी प्रमुख, सचिव र कर्मचारी सम्झनुपर्छ र त्यस शब्दले बैंकका सल्लाहकार, लेखापरीक्षक र लिक्युडेटर भई काम गर्ने व्यक्तिसमेतलाई जनाउँछ ।<br>(ढढ) "कर्जा" भन्नाले रकम प्रवाह गर्ने, प्रत्यक्ष वा अप्रत्यक्ष प्रत्याभूति र त्यसको बदलामा लगानी गरेको रकम असुली गर्ने अधिकार तथा त्यस्ता कर्जाको व्याज वा अन्य दस्तुरको चुक्ता, कर्जा वा लगानीको धितोमा दिइएको पुनःकर्जा, कर्जाको पुनःसंरचना र नवीकरण, कर्जा चुक्ताको लागि जारी गरिएको जमानी तथा कर्जा चुक्ताको लागि गरिएको अन्य वचतबद्धता सम्झनुपर्छ र त्यस शब्दले कुनै पनि किसिमको ऋण समेतलाई जनाउँछ । | **२ क. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः<br>(ङङ)"विद्युतीय कारोबार" भन्नाले टेलिफोन, टेलेक्स, कम्प्युटर वा म्याग्नेटिक टेप वा त्यस्तै प्रकारका अन्य विद्युतीय उपकरणको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने, रकमान्तर गर्ने कारोबार सम्झनु पर्छ र सो शब्दले टर्मिनल, अटोमेटेड टेलर मेसिन र क्यास डिस्पेन्सिङ्ग मेसिन, प्वाइन्ट अफ सेल मेशिनको माध्यमबाट हुने कारोबार, चार्ज कार्ड, डेबिट वा क्रेडिट कार्डबाट हुने कारोबार समेतलाई जनाउँछ ।<br>(छछ)"परिवार" भन्नाले सञ्चालकको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु,आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नु पर्ने दाजु भाउजु, भाइ बुहारी र दिदीबहिनी सम्झनु पर्छ ।तर सो शब्दले अंशवण्डा गरी मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।<br>(झझ)"पदाधिकारी" भन्नाले बैंकको सञ्चालक, कार्यकारी प्रमुख, कम्पनी सचिव र कुनै विषयमा निर्णय गर्ने अख्तियारी प्राप्त अधिकृतस्तरको कर्मचारी सम्झनु पर्छ ।<br>(ढढ)"कर्जा" भन्नाले बैंकले व्यक्ति, फर्म, कम्पनी, संस्था वा अन्य व्यावसायिक प्रतिष्ठानलाई निश्चित अवधिभित्र साँवा, व्याज वा अन्य दस्तुर बुझाउने गरी प्रवाह गरिएको रकम, प्रत्यक्ष वा अप्रत्यक्ष प्रत्याभूति, कर्जाको व्याज वा अन्य दस्तुर,पुर्नकर्जा, कर्जाको पुनर्संरचना र नवीकरण, कर्जा चुक्ताको लागि जारी गरिएको जमानी तथा अन्य वचनबद्धता सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैंकले सार्वजनिक सूचना प्रकाशन गरी तोकिदिएको कुनै पनि किसिमको ऋण समेतलाई जनाउँछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम मिलाईएको । |
| ६(९) साधारण सभाको बैठकमा वहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ | ६(९) साधारण सभामा मत बराबर भएमा सभाको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ । | कम्पनी ऐन २०६३ को दफा ७४(४) बमोजिम मिलान गर्ने । |
| ८(१) संचालक समितिमा प्रचलित कानूनले तोके बमोजिम नियुक्त गर्नुपर्ने व्यवसायिक संचालक समेत शेयरधनीहरुको समूहगत प्रतिनिधित्व हुने गरी ९ (नौं) जना संचालकहरु रहेको एक | ८(१) संचालक समितिमा प्रचलित कानूनले तोके बमोजिम नियुक्त गर्नुपर्ने स्वतन्त्र संचालक समेत गरी ६ (छ) जना संचालकहरु रहेको एक संचालक समिति गठन हुनेछ । | बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम हुने गरी संचालकको संरचना ६ जनाहुने गरी यस अघि मिति |


SiddharthaBank

| | | |
|---|---|---|
| संचालक समिति गठन हुनेछ । | | २०७४।३।१८ मा भएको विशेष साधारण सभाले संशोधन गरी सम्बन्धित नियमनकारी निकायबाट स्वीकृत भई लागु समेत भई सकेको तर नियम ८(१) मा रहेको साविक व्यवस्था मिलाउन छुट भएकोले सो मिलाईएको । |
| **८(५)** यस नियमावली बमोजिम मनोनित वा निर्वाचित संचालकहरु तथा अध्यक्षको कार्यकाल बढीमा चार वर्षको हुनेछ । तर अध्यक्ष एवं संचालकहरुको कार्यकाल लगातार दुई पटकभन्दा बढी हुने छैन । | **८(५)** यस नियमावली बमोजिम मनोनित वा निर्वाचित संचालक तथा अध्यक्षको कार्यकाल बढीमा चार वर्षको हुनेछ र निज पुनः नियुक्त वा निर्वाचित हुन सक्नेछ । तर स्वतन्त्र संचालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ । यस नियममा माथी जे सुकै लेखिएको भएता पनि कार्यकारी अध्यक्ष वा प्रबन्ध संचालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्नेछ । | बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम हुने गरी मिलान गर्न उपयुक्त हुने भएकोले । |
| **१२(१).** संचालक समितिको बैठक वर्षमा कम्तीमा बाह्र पटक बस्नेछ । तर, दुईवटा बैठकको बीचको फरक दुई महीना भन्दा बढी हुनेछैन । प्रचलित बैंक तथ वित्तीय संस्था सम्बन्धी कानून तथा प्रचलित कम्पनी सम्बन्धी कानून बमोजिम संचालक समितिको बैठक बस्नेछ । | **१२(१).** संचालक समितिको बैठक वर्षमा कम्तीमा बाह्र पटक बस्नेछ । तर, दुईवटा बैठकको बीचको फरक साठी दिनभन्दा बढी हुने छैन । प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा प्रचलित कम्पनी सम्बन्धी कानून बमोजिम संचालक समितिको बैठक बस्नेछ । | बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम दुईवटा बैठकको फरक बढीमा साठी दिन कायम गर्नुपर्ने भएकोले । |
| **१२(६).** संचालक समितिको बैठकमा बहुमतको निर्ण मान्यहुनेछ र मत बराबर भएको अवस्थामा अध्यक्षले निर्णायक मत दिन सक्नेछन् । | १२(६) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्यहुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ । | बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को व्यवस्था अनुसार सामन्जस्यता कायम गर्न । |
| **१८. व्यवसायिक विशेषज्ञ संचालकको नियुक्ति सम्बन्धी व्यवस्थाः**<br>(१) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले व्यवस्था गरे बमोजिम नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञहरुको सुचीबाट संचालक समितिले एक (१) जना व्यवसायिक संचालक नियुक्त गर्नेछ ।<br>(२) निजको कार्यकाल चार वर्षको हुनेछ ।<br>(३) निजको काम, कर्तव्य र अधिकार तथा सुविधाअन्य संचालक सरह हुनेछ । | **१८.स्वतन्त्र संचालकको नियुक्ति सम्बन्धी व्यवस्थाः**<br>(१) संचालक समितिले ऐन तथा नेपाल राष्ट्र बैंकले तोके बमोजिम योग्यता तथा अनुभव भएका व्यक्ति मध्येबाट एक जना स्वतन्त्र संचालक नियुक्त गरी सो को जानकारी त्यस्तो नियुक्ति पछि बस्ने पहिलो साधारण सभामा दिनु पर्नेछ । तर बैंक वा वित्तीय संस्थाको संस्थापक, संचालक वा शुन्य दशमलव एक प्रतिशतभन्दा बढी शेयर लिएको शेयरधनी तथा निजको परिवारको सदस्य स्वतन्त्र संचालक हुन पाउने छैन । | बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम स्वतन्त्र संचालकको नियुक्ति र कार्यकाल सम्वन्धी व्यवस्था गर्न । |
| **२२(३)** प्रमुख कार्यकारी अधिकृतको पदावधी बढीमा ४ वर्षको हुनेछ । तर निजको कार्यकाल लगातार दुई पटकभन्दा बढी हुने छैन । | **२२(३)**कार्यकारी प्रमुखको कार्यकाल बढीमा चार वर्षको हुनेछ र निज अर्को एक कार्यकालका लागि पुनःनियुक्ति हुन सक्नेछ । | बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम हुने गरी मिलान गर्न उपयुक्त हुने भएकोले । |

| | | |
|---|---|---|
| २२(५)प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः<br>(क) संचालक समितिको निर्णय लागू गर्ने र प्रबन्धपत्र, यस नियमावली र प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही बैंकको कामकारबाही तथा कारोबारको रेखदेख र नियन्त्रण गर्ने<br>(ख) बैंकको वार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि समितिसमक्ष पेश गर्ने,<br>(ग) बैंकको कर्मचारी विनियमावलीको अधीनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,<br>(घ) संचालक समिति र साधारण सभाद्वारा गरिएका निर्णय र नेपाल राष्ट्र बैंकद्वारा निर्देशित कुराहरु कार्यान्वयन गर्ने,<br>(ङ) प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून, प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही बैंकले नेपाल राष्ट्र बैंक वा अन्य कुनै निकायमा पेश गर्नुपर्ने विवरण, कागजात, निर्णय आदि यथासमयमा पेश गर्ने,<br>(च) बैंक संचालन गर्ने सम्बन्धमा तोकिए बमोजिमका अन्य सबै कार्यहरु गर्ने ।<br>(छ) प्रमुख कार्यकारी अधिकृत आफ्नो कामको निमित्त संचालक समितिप्रति उत्तरदायी हुनेछन् ।<br>(ज) प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्ति हुने व्यक्ति प्रचलित कानून बमोजिम योग्य हुनुपर्दछ । | २२(५) प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः<br>(क) प्रबन्धपत्र र नियमावलीको अधीनमा रही सञ्चालक समितिबाट प्रदत्त अधिकार प्रयोग गर्ने, सञ्चालक समितिको निर्णय लागू गर्ने र बैंक वा वित्तीय संस्थाको काम कारबाही तथा कारोबारको रेखदेख तथा नियन्त्रण गर्ने,<br>(ख) बैंकको वार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि सञ्चालक समिति समक्ष पेश गर्ने,<br>(ग) बैंकको कर्मचारी विनियमावलीको अधीनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,<br>(घ) साधारण सभाद्वारा गरिएका निर्णय कार्यान्वयन गर्ने, गराउने,<br>(ङ) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन र राष्ट्र बैंकको निर्देशन अनुरुप संस्था सञ्चालन गर्ने र बैंकको प्रभावकारी आन्तरिक नियन्त्रण एवं जोखिम व्यवस्थापन गर्ने,<br>(च) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, राष्ट्र बैंकको निर्देशन, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही बैंकले राष्ट्र बैंक वा अन्य कुनै निकायमा पेश गर्नुपर्ने विवरण, कागजात, निर्णय आदि यथासमयमा पेश गर्ने,<br>(छ) निक्षेपकर्ता, शेयरधनी तथा बैंकको उच्चतम हित हुनेगरी सञ्चालन गर्ने,<br>(ज) सञ्चालक समितिले निर्धारण गरेको नीति अन्तर्गत रही उच्च व्यवस्थापनको लागि उचित मापदण्ड लागू गर्ने ।<br>(झ) कार्यकारी प्रमुख आफ्नो कामको निमित्त सञ्चालक समिति प्रति उत्तरदायी हुनेछ । | बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम हुने गरी मिलान गर्न उपयुक्त हुने भएकोले । |
| २८ (२) शेयर बाँडफाँड भएको मितिले दुई महिनाभित्र प्रत्येक शेयरधनीलाई निजले लिएको शेयर बापत समितिको अध्यक्ष वा कुनै संचालक वा कम्पनी सचिव मध्ये कुनै दुई जनाले दस्तखत गरी बैंकको छाप लगाई शेयर प्रमाणपत्र दिइनेछ । शेयर प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कम्पनी सम्बन्धी | २८ (२) बैंकले प्रचलित कानून बमोजिम भौतिक रुपमा शेयर प्रमाणपत्र जारी गर्नु परेमा समितिको अध्यक्ष वा कुनै संचालक वा कम्पनी सचिव मध्ये कुनै दुई जनाले दस्तखत गरी बैंकको छाप लगाई शेयर प्रमाणपत्र दिइनेछ । शेयर प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कम्पनी सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम हुनेछ | शेयरको अभिलेख, खरिद विक्री लगायतका सम्पुर्ण कार्य अभौतिक रुपमा भैरहेको र केही विशेष परिस्थितिमा मात्र भौतिक प्रमाणपत्र जारी गर्नु पर्ने हुनसक्ने हुँदा सोही अनुसार मिलान गरिएको । |


SiddharthaBank

| | | |
|---|---|---|
| कानूनमा उल्लेख भए बमोजिम हुनेछ । | | |
| **३३. बैंकको लेखा, हिसाबकिताब र लेखापरीक्षण:**<br>(३)बैंकले आर्थिक वर्ष समाप्त भएको पाँच महीनाभित्र वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरण नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरीका अनुसार तयार गरी लेखापरक्षण गराउनेछ । यस्तो वित्तीय विवरणमा कम्तिमा दुई जना संचालक, प्रबन्ध संचालक र लेखापरीक्षकको सही भएको हुनु पर्नेछ । | **३३.बैंकको लेखा, हिसाबकिताब र लेखापरीक्षण:**<br>(३)बैंकले आफ्नो वासलात, नाफानोक्सान हिसाब लगायतका वार्षिक वित्तीय विवरण राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरीका अनुसार तयार आर्थिक वर्ष समाप्त भएको चार महिना भित्र बाह्य लेखापरीक्षण गराउनु पर्नेछ । यस्तो वित्तीय विवरणमा कम्तिमा दुई जना संचालक, कार्यकारी प्रमुख र बाह्य लेखापरीक्षकको सही भएको हुनु पर्नेछ । | बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम आ.व. समाप्त भएको ४ महिना भित्र बाह्य लेखापरीक्षण गराउन पर्ने भएकोले । |
| **४० (४)** बैंकमा रहेको निक्षेप उपर सो निक्षेप राख्ने व्यक्ति बाहेक अरु कसैको हकदाबी लाग्ने छैन । निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा निजले कसैलाई इच्छाएको भए त्यस्तो इच्छाइएको व्यक्तिको र त्यस्तो इच्छाइएको व्यक्तिको पनि मृत्यु भएको रहेछ वा कसैलाई इच्छाइएको रहेनछ भने देहायका व्यक्तिमध्ये प्राथमिकता क्रमानुसार जुन व्यक्ति जीवित छ सोही व्यक्तिको त्यस्तो निक्षेप उपर पहिलो हक दाबी लाग्नेछ :<br>(क) सगोलको पति वा पत्नी,<br>(ख) सगोलको छोरा, धर्मपुत्र वा छोरी वा धर्मपुत्री,<br>(ग) सगोलको बाबु, आमा, छोरापट्टिको नाति वा नातिनी,<br>(घ) भिन्न बसेको पति वा पत्नी, छोरा, अविवाहित छोरी, बाबु वा आमा,<br>(ङ) सगोलको बाबुपट्टिको बाजे, बज्यै, दाजु, भाइ, अविवाहिता दिदी वा बहिनी,<br>(च) सगोलको भतिजा, भतिजी, सौतेनी आमा, भिन्न बसेका छोरापट्टिको नाति वा अविवाहिता नातिनी,<br>(छ) सगोलको काका, विधवा, काकी, भाउज्यु, भाई-बुहारी वा नातिनी/बुहारी,<br>(ज) भिन्न बसेको दाजु वा भाई,<br>(झ) विवाहित दिदी, बहिनी, भिन्न बसेको बाजे, बज्यै, विधवा छोरा-बुहारी, नातिनी -बुहारी वा भतिजा ।<br><br>तर उपर्युक्त प्राथमिकता क्रममा पर्ने कोही व्यक्ति नभएको अवस्थामा त्यस्तोनिक्षेप उपर हकवालाको दाबी रहनेछ र हकवाला पनि नभएको | **४० (४)** बैंक वा वित्तीय संस्थामा रहेको निक्षेप उपर सो निक्षेप राख्ने व्यक्ति बाहेक अरु कसैको हक दाबी लाग्ने छैन । निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा निजले कसैलाई इच्छाएको भए त्यस्तो इच्छाइएको व्यक्तिको र त्यस्तो इच्छाइएको व्यक्तिको पनि मृत्यु भएको रहेछ वा कसैलाई इच्छाइएको रहेनछ भने देहायको व्यक्तिमध्ये प्राथमिकता क्रमानुसार जुन व्यक्ति जीवित छ सोही व्यक्तिको त्यस्तो निक्षेप उपर पहिलो हक दाबी लाग्नेछ :<br>(क) सगोलको पति वा पत्नी,<br>(ख) सगोलको छोरा वा छोरी, धर्मपुत्र वा धर्मपुत्री वा विधवा बुहारी,<br>(ग) सगोलको बाबु, आमा, नाति वा नातिनी,<br>(घ) भिन्न बसेको पति वा पत्नी, छोरा, छोरी, बाबु वा आमा, छोरा, बुहारी वा विवाहित छोरी,<br>(ङ) सगोलको बाजे, बज्यै, दाजु, भाइ, भदा, भदै, दिदी वा बहिनी, भिन्न बसेका बाजे, बज्यै,<br>(च) सगोलको सौतेनी आमा, भिन्न बसेको छोरा पट्टिको नाति वा अविवाहित नातिनी,<br>(छ) भिन्न बसेको दाजु वा भाइ, भदा, भदै, दिदी, बहिनी, भतिजा, भतिजी<br>(ज) सगोलको काका, विधवा काकी, भाउजु, भाइ बुहारी वा नातिनी बुहारी,<br>(झ) विवाहित दिदी, बहिनी, भिन्न बसेको नातिनी बुहारी ।<br>तर उपर्युक्त बमोजिमको प्राथमिकता क्रममा कोही व्यक्ति नभई प्रचलित कानून बमोजिमको हकवालाको त्यस्तो निक्षेप उपर दाबी नरहेको अवस्थामा सो निक्षेप राष्ट्र बैंकको बैंकिङ्ग विकास कोषमा जम्मा गरी बैंकिङ्ग विकासमा प्रयोग गरिनेछ । | बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को व्यवस्था अनुसार सामन्जस्यता कायम गर्न । |

| | | |
|---|---|---|
| अवस्थामा सो निक्षेप नेपाल सरकारको हुनेछ । | | |

३. माथि विशेष प्रस्ताव नं. (१) बमोजिम बोनस शेयर प्रस्ताव गरिएकोमा सोही हदसम्म बैंकको जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने लगायतका विषयहरु समावेश गरी बैंकको प्रवन्धपत्रमा तथा नियमावलीमा भएको संशोधन स्वीकृति एवं अभिलेखको क्रममा नियमनकारी निकायबाट कुनै फेरवदल थपघट, गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न संचालक समितिलाई वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**(ग) विविध**

विविध एजेण्डा अन्तर्गत कुनै विषय नभएको ।

**१३. सभा विसर्जन :**

अध्यक्षज्यूले उत्साह एवं उमंगकासाथ लामो समय सम्म धैर्यधारण गरी सक्रिय रुपमा छलफलमा सहभागी भई यस साधारण सभालाई सफलतापूर्वक सुसम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्नु भयो । सभाध्यक्षले आगामी दिनमा बैंकलाई थप नयाँ उचाईमा पुऱ्याउने गरी आफुहरुले कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्दै सभाको सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा पुनः समपूर्ण शेयरधनी महानुभावहरु, संचालकहरु, आमन्त्रीत महानुभावहरु, कर्मचारी वर्गका साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्बन्धित सबैलाई धन्यवाद दिदैं अपरान्ह २:०० बजे सभा विसर्जन गर्नु भयो ।

| | | |
|---|---|---|
| ............ | Siddhartha Bank | ............ |
| **भोलानाथ ढुङ्गाना** | | **मनोज कुमार केडिया** |
| **(कम्पनी सचिव)** | | **(अध्यक्ष)** |

मिति : २०७४/१२/०४